## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ मङ्सिर १५ गतेका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | संवत् २०८२ साल भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा मृत्यु भई सहिद घोषणा भएका व्यक्तिका परिवार (आमा, बुवा, श्रीमान्/श्रीमती, अविवाहित छोरा र अविवाहित छोरी) लाई गृह मन्त्रालयले फोटोसहितको परिचयपत्र उपलब्ध गराउने। प्रत्येक वर्ष भदौ २३ गतेलाई जेनजी सहिद दिवसको रूपमा मनाउने। | |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय आर्थिक गणना सञ्चालनसम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२ स्वीकृत गर्ने। |
| ३ | अर्थ मन्त्रालय | २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन गर्न र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न गठित समितिको कार्यावधि ३० दिन थप गर्ने। |
| ४ | अर्थ मन्त्रालय | अर्थ मन्त्रालयका सचिव (राजस्व) श्री भूपाल बराललाई कर्मचारी सञ्चय कोषको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्ति गर्ने। |
| ५ | अर्थ मन्त्रालय | २०८२ माघ १ गतेदेखि एकपटकमा पाँच लाख रूपियाँ वा सोभन्दा बढी मूल्यको कुनै सेवा वा वस्तुको खरीद बिक्री वा अन्य कारोबार गर्दा वित्तीय संस्था वा बैङ्किङ उपकरणमार्फत गर्नुपर्ने गरी नगद कारोबारको सीमा निर्धारण गर्ने। |
| ६ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | भारतको नयाँ दिल्लीमा २०८२ मङ्सिर २२ गते आयोजना हुने नेपाल-भारतबिच पेट्रोलियम तथा ग्याँससम्बन्धी संयुक्त कार्यसमूहको पाचौं बैठकमा सहसचिव श्री शिवराम पोखरेलको संयोजकत्वमा नेपाली प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने। |
| ७ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ को अनुसूची-१ र उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ को अनुसूची-१ मा हेरफेर गर्ने। |
| ८ | गृह मन्त्रालय | नेपाल विशेष सेवा (बिसौं संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने। |
| ९ | परराष्ट्र मन्त्रालय | श्रीलङ्कामा हालै भीषण वर्षापश्चात् आएको बाढी तथा पहिरोले धनजनको ठूलो क्षति भएको सन्दर्भमा नेपाल सरकारका तर्फबाट श्रीलङ्का सरकारलाई सहायतास्वरूप दुई लाख अमेरिकी डलर उपलब्ध गराउने। |

| | | |
|---|---|---|
| १० | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुबेसी-रसुवागढी सडकको स्याफ्रुबेसी-रसुवागढी खण्ड चीन सरकारको अनुदान सहयोगमा निर्माण हुने गरी भएको सम्झौताबमोजिम गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुवेशी-रसुवागढी सडक योजनाका लागि सडकको Alignment/ROW तथा नदी किनाराबाट उत्खनन गरिने ढुङ्गा, गिट्टी, बालुवामा लाग्ने दस्तुर छुट दिने र उक्त सडकको कुल लम्बाइको मध्यविन्दुबाट १० कि.मि. भित्र Temprorary Facilites निर्माण गर्नका लागि लाङ्टाङ राष्ट्रिय निकुञ्ज भित्रको २०००० वर्ग मिटर क्षेत्रफल बराबरको जग्गा योजना सम्पन्न नभएसम्मका लागि योजनालाई अस्थायी रूपमा उपयोग गर्न सहमति प्रदान गर्ने। |
| ११ | रक्षा मन्त्रालय | नेपाली सेनाका तीन जना सहायक रथीको पदावधि थप गर्ने, एक जना महासेनानीको राजीनामा स्वीकृत गर्ने। |
| १२ | वन तथा वातावरण मन्त्रालय | शक्ति मिनिरल्स प्रा.लि.लाई चुनढुङ्गा उत्खनन् कार्यको लागि पाल्पा जिल्ला माथागढी गाउँपालिका वडा नं ७ धनुषामा रहेको राष्ट्रिय वनको २१.४१ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १३ | वन तथा वातावरण मन्त्रालय | त्रिशक्ति होल्डिङ्गस प्रा.लि.लाई चुनढुङ्गा उत्खनन कार्यका लागि चितवन जिल्लाको राप्ती नगरपालिका वडा नं १३ मा रहेको राष्ट्रिय वनको २०.१४ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १४ | वन तथा वातावरण मन्त्रालय | रिद्धि सिद्धि सिमेन्ट लिमिटेडलाई चुनढुङ्गा उत्खनन कार्यको लागि मकवानपुर जिल्ला भिमफेदी गाउँपालिका वडा नं ७ मा रहेको राष्ट्रिय वनको २१.६३ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १५ | वन तथा वातावरण मन्त्रालय | बाबा माइन्स एण्ड मिनिरल्स प्रा.लि. लाई चुनढुङ्गा उत्खनन् कार्यको लागि मकवानपुर जिल्लाको भिमफेदी गाउँपालिका वडा नं ५ मा रहेको राष्ट्रिय वनको ४.९९ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १६ | वन तथा वातावरण मन्त्रालय | विग प्लस मिनिरल्स प्रा. लि. लाई ग्रेनाईट उत्खनन् कार्यको लागि मकवानपुर जिल्लाको भिमफेदी गाउँपालिका वडा नं. ५ मा रहेको राष्ट्रिय वनको ४.४८ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १७ | वन तथा वातावरण मन्त्रालय | के. के. लाइम्स एण्ड इन्डस्ट्रिज प्रा. लि. लाई चुनढुङ्गा उत्खनन् कार्यको लागि उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिका वडा नं ८ मा रहेको राष्ट्रिय वनको २ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १८ | वन तथा वातावरण मन्त्रालय | अन्नपूर्ण मिनिरल्स प्रा.लि. लाई फलाम उत्खनन् कार्यको लागि मकवानपुर जिल्लाको बागमती गाउँपालिका वडा नं. ६ मा रहेको राष्ट्रिय वनको ४.९६ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |

| | | |
|---|---|---|
| १९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | विश्वविद्यालय अनुदान आयोगको रिक्त सचिव पदमा प्रा. ज्ञान बहादुर थापा, गुल्मीलाई नियुक्ति गर्ने। |
| २० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | लुम्बिनी विकास परिषद्को सदस्य-सचिव पदमा ई. दिपक श्रेष्ठ, गोरखालाई मनोनित गर्ने। |
| २१ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लिखु गाउँपालिका, नुवाकोटको केन्द्र वडा नं. ३ भलाद्मीडाँडाबाट परिवर्तन गरी वडा नं. ४ गड्खारमा कायम गर्ने। |
| २२ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रेस काउन्सिल नेपालको अध्यक्ष पदमा डा. कुमार शर्मा आचार्य, दाङलाई मनोनयन गर्ने। |
| २३ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २०८२ पुस २ देखि ४ गतेसम्म भारतको नयाँदिल्लीमा आयोजना हुने 2nd WHO Global Summit on Traditional Medicine and High-Level Ministerial Dialogue on Implementation of the WHO Global Strategy 2025-2034 कार्यक्रममा माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| २४ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गतका १५ वटा निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने। |
| २५ | कार्वन व्यापार नियमावली, २०८२ स्वीकृत गर्ने। | |
| २६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून) श्री फणीन्द्र गौतम उमेर हदका कारण २०८२।८।१८ देखि अनिवार्य अवकाश हुनुहुने हुँदा उहाँलाई अवकाशको जानकारी दिने र उहाँले हालसम्म गर्नु भएको योगदानको लागि नेपाल सरकारको तर्फबाट धन्यवाद दिने। | |
| २७ | नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा श्री बैकुण्ठ प्रसाद अर्याललाई बढुवा गरी सुदुरपश्चिम प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने। | |